## अनुसूची-२

## (दफा-४ तथा अनुसूची-१ को भाग-१ संग सम्बन्धित)


## रतुवामाई नगरपालिका

# रतुवामाई राजपत्र

**खण्डः९** **संख्याः२** **मितिः२०८२/०३/१०**


## भाग-१

## रतुवामाई नगरपालिका

### आधारभूत तथा माध्यमिक शिक्षा (तेस्रो संशोधन) ऐन, २०८२

### प्रस्तावना

रतुवामाई नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन (दोस्रो संशोधन सहित), २०७६ संशोधन गर्न वाञ्छनीय भएकोले रतुवामाई नगरपालिकाको नगरसभाले ऐन जारी गरेको छ ।

**आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७६ (दोस्रो संशोधन सहित) मा देहाय बमोजिम संशोधन गरिएको छ ।**

१. **परिच्छेद-२ को दफा ३ को १(विद्यालय खोल्न अनुमति लिनुपर्ने) मा संशोधनः** कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय तथा धार्मिक प्रकृतिका विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई **नगर प्रमुख** समक्षको सट्टा **प्रमुख प्रशासकीय अधिकृत** समक्ष अनुमतिका लागि निवेदन दिनु पर्नेछ।

२. **परिच्छेद-३ को दफा ९ को १(ङ)** मा संशोधनः सम्बन्धित नगरपालिका क्षेत्रभित्र रहेका विद्यालय ब्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट **कार्यपालिकाले** मनोनित गरेको सट्टा **नगर शिक्षा समितिले** मनोनित गरेको एकजना- सदस्य भन्ने राखिएको ।

३. **परिच्छेद-३ को दफा ९ को ४(ङ) मा संशोधनः** विद्यालयहरुको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने सट्टा विद्यालयहरुको लेखापरीक्षण गर्न लेखापरीक्षकको पारिश्रमिक तोक्नेछ तर लेखापरीक्षकको नियुक्ति नगर प्रमुखको निर्देशनमा शिक्षा शाखा प्रमुखले गर्नेछ।

४. **परिच्छेद-३ को दफा १२ को (ग) मा संशोधनः** सामुदायिक शिकाई केन्द्र रहेको वडाका विद्यालयका **शिक्षकहरु** मध्ये भन्ने सट्टा **प्र.अ./शिक्षकहरु** मध्ये नगरपालिकाले मनोनित गरेको एक जना-सदस्य भन्ने राखिएको

५. **परिच्छेद-३ को दफा १२ को (च) मा संशोधन**ः नगरपालिका **शिक्षा शाखाको प्रतिनिधि**-सदस्य भन्ने स्थानमा नगरपालिकाको **शिक्षा शाखा प्रमुख वा प्रतिनिधि**-सदस्य भन्ने राखिएको

६. **परिच्छेद-३ को दफा २० को उपदफा २ मा संशोधनः** उपदफा (१) बमोजिम विद्यालय ब्यवस्थापन समिति बिगठन भएपछि अर्को विद्यालय ब्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय ब्यवस्थापन समिति गठन नभएसम्म समितिको काम गर्न **नगरपालिकाले एक अस्थायी विद्यालय ब्यवस्थापन समिति गठन वा तोक्न सक्नेछ** र सो विद्यालयले ६ महिनाभित्र अनिवार्य रुपमा वि.ब्य.स. गठन गरिसक्नु पर्नेछ भन्नेमा उपदफा(१) बमोजिम विद्यालय ब्यवस्थापन समिति बिगठन भएपछि अर्को विद्यालय ब्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय ब्यवस्थापन समिति गठन नभएसम्मका लागि समितिको काम गर्न **सम्बन्धित वडाका वडा अध्यक्ष, शिक्षक प्रतिनिधि र सम्बन्धित विद्यालयका प्र.अ. सहितको ३ सदस्यीय** एक अस्थायी विद्यालय ब्यवस्थापन समिति हुनेछ र सो विद्यालयले ६ महिनाभित्र अनिवार्य रुपमा वि.ब्य.स. गठन गरिसक्नु पर्नेछ।

७. **परिच्छेद-५ को दफा ३३ मा संशोधन**ः ऐनको दफा १९ बमोजिम गठित ब्यवस्थापन समितिले अभिभावकहरुको भेला गराई शिक्षक अभिभावक संघको गठन गर्नेछ । जसमा एक जना अध्यक्षसहित कम्तिमा ७ र बढीमा ११ सदस्यीय शिक्षक अभिभावक

स्थानीय राजपत्र

संघ गठन हुनेछ भन्नेमा **शिक्षक अभिभावक संघको पदावधि ३ वर्षको हुनेछ** भनी थप गरिएको ।

**८. परिच्छेद-५ को दफा २६ मा संशोधनः दफा २६ को सट्टा देहाय बमोजिमको उपदफाहरु राखिएको**

(१) नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले हाल सञ्चालन भईरहेका ३० मिनेटको हिंडाईको दुरी नजिकमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा नाम परिवर्तन गर्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको कक्षा थपघट गरी सञ्चालन गर्न अनुमति वा स्विकृति दिन सक्नेछ ।

(२) दफा २६ को उपदफा (१) बमोजिम कुनै पनि विद्यालयको नाम परिवर्तन गर्न कुनै चन्दादाताले चाहेमा माद्यमिक विद्यालयका लागि कम्तिमा दुई करोड र आधारभुत विद्यालयका लागि कम्तिमा एक करोड पचास लाख वा सो वरावरको नगद वा जिन्सी चन्दा दिएमा पहिलेको नाममा फरक नपर्ने गरी थप नामाकरण गर्न सक्नेछ तर सो कार्य गर्नुपुर्व नगरपालिकाबाट अनुमति/स्वीकृति लिनुपर्नेछ ।

(३) पहिल्यै नामाकरण भइसकेको विद्यालयको नामसंग जोडेर विद्यालयको नामाकरण गर्न चाहने व्यक्तिले उपदफा (२) बमोजिमको रकम वा सो

स्थानीय राजपत्र

बराबरको घर वा जग्गा विद्यालयलाई सहयोग गरी पहिलेको नामको पछाडि आफुले प्रस्ताव गरेको नाम जोड्न सक्नेछ ।

(४) एउटै परिवारका वा छुट्टाछुट्टै परिवारका एक भन्दा बढी व्यक्तिले उपदफा (२) ) बमोजिमको रकम वा घर वा जग्गा विद्यालयलाई प्रदान गरेमा त्यस्तो व्यक्तिहरुको निर्णयबाट बढीमा दुई जनासम्मको नामबाट विद्यालयको नामाकरण गर्न र अन्य व्यक्तिको नाम विद्यालयमा देखिने गरि राख्न सक्नेछ ।

(५) उपदफा(२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नामाकरण भएको विद्यालयलाई कसैले यस नियमबमोजिम रकम वा घर वा जग्गा सहयोग गरे पनि त्यस्तो विद्यालयको नामाकरण परिवर्तन गरिने छैन ।तर त्यस्तो विद्यालयलाई कुनै व्यक्तिले कक्षाकोठा थप गर्न, पुस्तकालय भवन वा छात्रावास निर्माण गर्न रकम सहयोग गरेमा त्यस्तो कोठा वा भवनमा सो रकम प्रदान गर्ने व्यक्तिको नामाकरण गर्न सकिनेछ ।

(६) यस उपदफा बमोजिम विद्यालयको नामाकरण विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाले गर्नेछ ।

**९. परिच्छेद-१९ को दफा ९(क) मा संशोधनः** दफा ९(क) मा देहाय बमोजिमको संशोधन गरी राखिएको,

- परिच्छेद-१९ को उपदफा १(क) बमोजिमका सदस्यहरुको चयन कम्तिमा कुल अभिभावकको सामान्य बहुमतको उपस्थितिमा अभिभावकहरुले छनोट गर्ने ।यसरी अभिभावक बोलाउँदा पहिलो पटक कम्तिमा ५१ प्रतिशत र दोश्रो पटक कम्तिमा २५ प्रतिशत अभिभावक उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ।यसरी अभिभावक भेलाबाट २ पटकसम्म सर्वसम्मत रुपमा वा निर्वाचन प्रक्रियाबाट ४ जना सदस्य छनोट हुन नसकेमा नगर शिक्षा सामितिले अभिभावकहरुमध्येबाट २ जना महिलासहित) ४ जना सदस्य तोक्नेछ ।

**आज्ञाले,**
**डम्मरु बल्लभ बराल**
**प्रमुख प्रशासकीय अधिकृत**

ढुवामाई राजपत्र